अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

चन्द्रपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या १ मितिः२०८०/११/१३

भाग-२

चन्द्रपुर नगरपालिका

## चार्जिङ स्टेशन संचालन कार्यविधि,२०८०

नगर कार्यपालिकाबाट स्विकृत मिति : २०८०/१०/२४

प्रमाणित मिति : २०८०/१०/२५

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

किरण तिवारी
प्रमुख प्रशासकीय अधिकृत

# चन्द्रपुर नगरपालिकाको चार्जिङ स्टेशन संचालन कार्यविधि २०८०

**प्रस्तावना:** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६५ र चन्द्रपुर नगरपालिकाको साल बसाली आर्थिक ऐन २०८० को दफा ५० ले दिएको अधिकार प्रयोग गरी चार्जिङ स्टेशन संचालन कार्यविधि २०८० तर्जुमा गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्विधिको नाम चन्द्रपुर नगरपालिकाको चार्जिङ स्टेशन संचालन कार्यविधि २०८० रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएको मिति बाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** बिषय र प्रसङ्ले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) ऐन भन्नाले स्थानिय सरकार संचालन ऐन, २०७४ र चन्द्रपुर नगरपालिकाको सालवसाली आर्थिक ऐन सम्झनु पर्दछ।

(ख) कार्यालय भन्नाले चन्द्रपुर नगरपालिका नगर कार्यपालिका लाई सम्झनु पर्दछ।

(ग) समिति भन्नाले ऐनको दफा ६५ बमोजिम गठन भएको स्थानीय राजश्व परामर्श समिति सम्झनु पर्दछ।

(घ) संयोजक भन्नाले समितिको संयोजक सम्झनु पर्दछ।

(ङ) सदस्य भन्नाले समितिको सदस्य सम्झनु पर्दछ।

(च) सदस्य सचिव भन्नाले समितिको सदस्य सचिव सम्झनु पर्दछ।

(छ) चार्जिङ स्टेशन भन्नाले चन्द्रपुर नगरपालिकाले निर्माण गरी विधुतिय सवारी साधनहरुलाई चार्ज गर्न संचालनमा ल्याएको स्थानलाई सम्झनु पर्दछ।

(ज) महशुल भन्नाले सवारी साधन चार्ज गरी विधुत उपयोग गरे वापत उपभोक्ताले सम्वन्धित निकायलाई तिर्नु वा बुझाउनु पर्ने अनुसुचि १ मा उल्लेखित शुल्क,इनर्जि शुल्कलाई सम्झनु पर्दछ।

(झ) प्राधिकरण भन्नाले नेपाल विधुत प्राधिकरणलाई सम्झनु पर्दछ।

(ञ) मिटर भन्नाले विधुतको मापन खपत गर्न जडित यन्त्र सम्झनु पर्दछ।

(ट) सार्वजनिक सेवा भन्नाले सार्वजनिक हितका लागि आम नागरीकले प्रयोग गर्ने गरी नगरपालिकाले भाडा निर्धारण गरेको सेवालाई बुझाउदछ।

(ठ) क्याफे भन्नाले चार्जिङ स्टेशन भित्र संचालानमा रहेको चिया खाजा विक्रि वितरण गर्ने स्थललाई सम्झनु पर्दछ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## परिच्छेद २

### ३.चार्जिङ विधुतिय सवारी साधनको वर्गीकरण :

(१) चार्जिङ स्टेशनमा चार्ज हुने सवारी साधनलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ।

(क) बस

(ख) ट्याक्सी

(ग) भ्यान

(घ) मोटर साईकल

(ङ) स्कुटी

(च) टेम्पो

(छ) सीटी सफारी/मयुरी/डाफे

(२) उपदफा १ अनुसार चार्जिङ विधुतिय सवारी साधनको बर्गीकरणमा नगरले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।

**४. विधुतिय सवारी साधनको चार्ज महशुल :** (१) चन्द्रपुर नगरपालिकाको राजश्व परामर्श समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा १ अनुसार राजश्व परामर्श समितिले निर्धारण गरेको महसुल नेपाल विधुत प्राधिकरण सगँ समन्वय गरी लागु गरिनेछ।

(२) राजश्व परामर्श समितिले निर्धारण गरेको शुल्क अनुसुची १ मा व्यवस्था गरिएको छ।

**५. चार्जिङ स्टेशन:** (१) आयतकर्ता कम्पनि तथा निजि क्षेत्रलाई संचालन गर्नका लागि अनुमति दिन सक्नेछ।

(२) विधुतिय साधनको प्रयोगलाई प्रोत्साहन गर्न चन्द्रपुर नगरपालिकाले चार्जिङ स्टेशन निर्माण गरी कार्यान्वयमा ल्याएको छ साथै विधुतिय साधन प्रयोग गर्ने प्रयोग कर्ताहरुलाई चार्जिङ स्टेशनको फाईदाहरुको विषयमा जनचेतना कार्यक्रमहरु संचालन गर्नेछ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**६. निरक्षण र अनुगमन :** यो कार्यविधि कार्यान्वियनको सम्वन्धमा राजश्व परामर्श समितिले आवश्यकता अनुसार निरिक्षण तथा अनुगमन गरी निर्देशन दिन सक्नेछ।

**७ सुचना प्रकाशन गर्नु पर्ने:** यो कार्यविधि स्विकृत भए पश्चात नगरपालिकाको सार्वजनिक सुचना वेवसाईट तथा सुचना पाटीमा प्रकाशन गर्नु पर्दछ।

**परिच्छेद ३**

**९ चार्जिङ स्टेशन संचालन सम्वन्धमा :** १.चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय आफैले संचालन गर्नेछ।

२.विकास साझेदारी संस्था मार्फत पनि संचालन गर्न सकिनेछ।

३. ठेक्का प्रकृया बाट पनि संचालन गर्न सकिनेछ।

**१०.रकम असुली गर्ने विधि:** चार्जिङ स्टेशनमा विधुत महसुल तथा अन्य रकम असुली गर्दा विभिन्न माध्यमबाट असुल गर्ने व्यवस्था गरिएको छ।

(क) अनलाईन

(ख) फोन पे

(ग) ई सेवा

(घ) नगद दिएर

**११.ठेक्का प्रकृया सम्वन्धमा :** १. चार्जिङ स्टेशन भित्र चार्जिङ स्टेशन,क्याफे र शौचालय रहेको छ। यी विभागहरुको संचालन गर्दा परिच्छेद ३ को दफा १ ,२ र ३ मा व्यवस्था भए बमोजिम हुनेछ।

२. ठेक्का प्रकृया मार्फत चार्जिङ स्टेशन,क्याफे र शौचालय एकमुष्ठ संचालनको अनुमति प्रदान गर्ने व्यवस्था रहेको छ। साथै छुट्टाछुट्टै प्रकृया मार्फत छुट्टाछुट्टै अनुमती दिने व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ अनुसारको प्रक्रिया अपनाइने छ।

**१२. क्याफे संचालनकले पालन गर्नु पर्ने शर्तहरु :**१. चन्द्रपुर नगरपालिकाको सम्झौता अनुसार मात्र काम गर्नु पर्नेछ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२.क्यafeमा कफी मेसिन,माईक्रो ओभन,डिप फिर्जहरुको अनिवार्य व्यवस्था गर्नु पर्नेछ।

३.चार्जिङ स्टेशन भित्र क्याफे संचालनमा बालबालिकाको प्रयोग गर्न पाईने छैन।

४. क्याफे संचालन गर्दा नगरपालिकाबाट निर्माण भएका सामाग्रीहरु शौचालयका धारा, प्यान, विधुत बत्ती, महशुल, पानी र सरसफाई को व्यवस्था संचालक आफैले गर्नु पर्दछ।

५.क्याफेमा मुल्य सुचिको विवरण, दर्ता प्रमाण पत्र र पान न. को प्रतिलिपि अनिवार्य राख्नु पर्दछ।

**१३. मर्मत सम्भार सम्वन्धमा :** चार्जिङ स्टेशनमा निर्माण भएका र रहेका मेसिनरी औजार पुर्वधार साथै अन्य सम्पुर्ण सामाग्रीहरुको मर्मत सम्भार सम्झौता बमोजिम हुनेछ यदि मर्मत सम्भार सम्झौता अनुसार नगरेमा कानुन बमोजिम हुनेछ।

**१४. अनुगमन सम्बन्धी व्यवस्था :** (१) नगरपालिकामा चार्जिङ स्टेशन संचालन र व्यवस्थापनका को अनुगमन गर्न एक अनुगमन समिति रहनेछ।

(२) बुदा (१) बमोजिमको अनुगमन समितिमा देहाय बमोजिमका पदिधिकारीहरु रहनेछन्।

| | |
|---|---|
| क) राजश्व परामर्श समितिको संयोजक- | - संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ग) नेपाल विधुत प्राधिकरण कार्यलय प्रमुख | - सदस्य |
| घ) योजना शाखा प्रमुख | - सदस्य |
| ङ) राजश्व शाखा प्रमुख | - सदस्य सचिव |

(३) बुदाँ (२) बमोजिमको समितिले आफ्ने क्षेत्रमा सञ्चालनमा रहेका चार्जिङ स्टेशनको प्रचलित कानून तथा यस कार्यविधि बमोजिम सञ्चालन भए नभएको सम्बन्धमा कम्तीमा दुई महिनामा एक पटक अनुगमन गर्नुपर्नेछ।

(४) बुदाँ (३) बमोजिमको अनुगमन गर्दा प्रचलित कानून बमोजिम सञ्चालन भएको नपाईएमा मनासिव समय तोकी नियमित गर्न निर्देशन दिनुपर्नेछ।

(५) बुदाँ (२) बमोजिमको समितिले प्रचलित कानूनी प्रक्रिया पुरा नगरी सञ्चालनमा रहेका चार्जिङ स्टेशनको सञ्चालनमा तत्काल रोक लगाउने गरी आधार र कारण खुलाई आदेश दिन सक्नेछ।

किरण गिरि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(६) नगरपालिकाको आफ्नो क्षेत्रमा सञ्चालन भएका चार्जिङ स्टेशनको अनुगमन एवंम नियमन गर्न सक्नेछ।

(७) नियमन सम्बन्धी व्यवस्था प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद ४
## विवध

**१५. बाधा अड्काउ फुकाउ सम्वन्धी व्यवस्था:** यस कार्यविधिमा उल्लेख गरिएको विषयमा कुनै दुविधा उत्पन्न भएमा अनुगमन समितिले नगर कार्यपालिकाको वैठकमा निर्णयका लागि बाधा अड्काउ फुकाउनका लागि पठाईनेछ।

**१६. हेरफेर हुन सक्ने व्यवस्था:** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ।

## अनुसुची १

### चार्जिङ स्टेशन संचालन , क्याफे र शौचालय संचालन महसुल दर

**१. चार्जिङ स्टेशन संचालन महसुल दर :** नेपाल विधुत प्राधिकरणको महशुल दररेटमा अधिकतम सय (१००) प्रतिशत थप गरी महशुल दर लिईने गरी व्यवस्था गरिएको छ।

**२ . क्याफे तथा शौचालय संचालन:** चार्जिङ स्टेशन क्षेत्रमा रहेका क्याफे शौचालय र चार्जिङ स्टेशन सहित कुनै ठेकेदार /कम्पनी / संस्था वा व्यक्तिले लिने हकमा न्युनतम भाडा बार्षिक रु ६००००। (साठी हजार) क्याफे र शौचालयको हकमा मात्र बार्षिक रु ३६०००। ( छतिस हजार) दर २ बर्षको लागि कायम गरी प्रतिस्पर्धा गरी ठेक्का आव्हान गर्ने व्यवस्था गरिएको छ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner